के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क २४४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ असोज १ गते शनिबार ❑ 17 Sept. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

निर्वाचन खर्च विवरण नबुझाउने उम्मेदवारलाई कारबाही

रासस

काठमाडौं, ३१ भदौं

निर्वाचन आयोगले निर्वाचनसम्बन्धी कानुन तथा आचारसंहिताबमोजिम गत वैशाख ३० गतेको स्थानीय तहको निर्वाचनमा भएको खर्च विवरण नबुझाउने उम्मेदवारलाई रु सात लाख ५० हजारसम्मको जरिवनासहित कारबाही गरेको छ।

निर्वाचन आयोग ऐन, २०७३ को दफा २५, स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६४ को उपदफा ४ र स्थानीय तह निर्वाचन नियमावली, २०७३ को नियम ४० बमोजिम निर्वाचन परिणाम घोषणा भएको मितिले ३० दिनभित्र निर्वाचन खर्चको विवरण नबुझाउने उम्मेदवारलाई कारबाही गरिएको हो । निर्वाचन खर्चको विवरण नबुझाउने एक लाख १४ हजार नौ सय ५८ र तोकिएको समयावधिपछि निर्वाचन खर्चको विवरण बुझाउने आठ हजार छ सय ६६ उम्मेदवारलाई कारबाही गरिएको हो।

ती उम्मेदवारलाई तोकिएको समयावधिभित्र के कति कारणले निर्वाचन खर्चको विवरण नबुझाएको हो ? तोकिएको समयावधिभित्र निर्वाचन खर्चको विवरण नबुझाएकामा तपाइँहरूलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ बमोजिम किन कारबाही हुनु नपर्ने हो ? भनी सातदिने स्पष्टीकरण सोधिएको थियो। स्पष्टीकरण सोधिएका मध्ये १६ हजार आठ सय ९४ उम्मेदवारले आफूलाई कानुनको जानकारी नभएको, कार्यव्यस्तता रहेकोजस्ता कारण देखाई सफाइ पेस गरेकामा सो जवाफ सन्तोषजनक नभएकाले उनीहरूलाई पनि जरिवनासहित कारबाही गरिएको छ।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले शुक्रबार विज्ञप्ति जारी गरी खर्च विवरण नबुझाउने महानगरपालिकाका प्रमुख र उपप्रमुख पदका उम्मेदवारलाई रु सात लाख ५० हजार, महानगरपालिकाका वडाध्यक्ष, वडा सदस्य, महिला सदस्य र दलित महिला सदस्य पदका उम्मेदवारलाई जनही रु तीन लाखका दरले जरिवाना तोकिएको छ । यस्तै उपमहानगरपालिकाका प्रमुख र उपप्रमुख पदका उम्मेदवारलाई रु पाँच लाख ५० हजार, उपमहानगरपालिकाका वडाध्यक्ष, वडा सदस्य, महिला सदस्य र दलित महिला सदस्य पदका उम्मेदवारलाई रु दुई लाख ५० हजार, नगरपालिकाका प्रमुख र उपप्रमुख पदका उम्मेदवारलाई रु चार लाख ५० हजार, नगरपालिकाका वडाध्यक्ष, वडा सदस्य, महिला सदस्य र दलित महिला सदस्य पदका उम्मेदवारलाई रु दुई लाखका दरले जरिवना तोकिएको छ।

आयोगले गाउँपालिकाका प्रमुख र उपप्रमुख पदका उम्मेदवारलाई रु तीन लाख ५० हजार, गाउँपालिकाका वडाध्यक्ष, वडा सदस्य, महिला सदस्य र दलित महिला सदस्य पदका उम्मेदवारलाई रु एक लाख ५० हजारका दरले जरिवाना तोकेको छ।

विन्ध्यवासिनीमा नवदुर्गा महोत्सव हुँदै

पोखरापत्र संवाददाता

पोखरा, ३१ भदौं

विन्ध्यवासिनी मन्दिरमा नवदुर्गा महोत्सव २०७९ हुने भएको छ । विन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समितिको आयोजनामा असोज १० गते (घटस्थापना)देखि नवमीसम्म उक्त महोत्सव आयोजना गर्न लागिएको हो।

महोत्सवमा शोभायात्रा र श्रीमद्भागवत ज्ञान महायज्ञ गरिने समितिका सचिव तीर्थ श्रेष्ठले जानकारी दिनुभयो । युवा पण्डित नारायण देवकोटाले सङ्गीतमय झाँकीसहित कथा वाचन गर्नुहुने सो महोत्सवमा नवमीदेखि प्रत्येक दिन बिहान ९ देखि १२ बजेसम्म र मध्याह्नदेखि अपराह्न ४ बजेसम्म महायज्ञ हुने उहाँले बताउनुभयो । पहिलो दिन देवीका नौ रुपस्वरुप नव कन्याका नौ रथ, विन्ध्यवासिनी मन्दिरको झाँकी, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीलगायत विभिन्न सङ्घसंस्थाको उपस्थितिमा शोभायात्रा गदै महोत्सव सुरु गरिने छ । महोत्सव अवधिभर रात्रिकालीन आरतीसमेत गरिने भएको छ । विजया दशमीको दिन बिहान ४ बजेदेखि नित्य पूजा आरम्भ भई ५ बजेदेखि भक्तजनका लागि खुला गरिने समितिले जानकारी दिएको छ । धार्मिक पर्यटनको विकाससँगै विश्व शान्ति तथा मानव कल्याणको कामना गर्दै जातीय सद्भावमा टेवा पुग्याउने उद्देश्यले महोत्सव आयोजना गरिएको समितिका कार्यवाहक अध्यक्ष सूर्यप्रसाद सुवेदीले बताउनुभयो।

पछिल्लो समय मन्दिरमा भेटी सङ्कलन कम हुँदै गएको समितिका कोषाध्यक्ष इन्द्रप्रसाद अधिकारीले जानकारी दिनुभयो। आम्दानीको मुख्य स्रोत नै भेटी भएकाले कोरोनाका कारण यसमा ह्रास आएको उहाँको भनाइ थियो। कोरोनाभन्दा अघि दैनिक रु एक करोडदेखि डेढ करोड आम्दानी हुने गरेकामा पछिल्लो समय घटेर रु ६० हजारको हाराहारीमा पुगेको थियो । भक्तजनले चढाएको भेटीबाटै समितिले पुजारी र कर्मचारी व्यवस्थापनसँगै विभिन्न सामाजिक कार्य गदै आएको थियो । मन्दिरमा १० पुजारी र व्यवस्थापनमा ४५ कर्मचारी छन्।

धर्मसस्कृतिको संरक्षण आवश्यक : उपसभामुख शर्मा

पोखरापत्र संवाददाता

पोखरा, ३१ भदौं

पोखरा महानगरपालिका वडा न १४ मझेरिपाटन शिव मन्दिरको शुक्रवार गण्डकी प्रदेश का उपसभामुख श्रृजना शर्माले उद्घाटन गर्नुभएको छ।

मन्दिर उद्घाटन गर्दै उपसभामुख शर्माले सुखि नेपाली संमृद्द नेपाल निर्माण गर्न धर्म सस्कृतिको संरक्षण आवश्यक रहेको वताईन् । कार्यक्रममा विशेष अतिथि गण्डकीसभा सदस्य मिना गुरूङले मठमन्दिर निर्माणले जनतामा भक्ति मार्ग प्रति थप विश्वास वढाउने वताउदै सरकारवाट थप वजेटको पहल गर्ने वताईन् । कार्यक्रममा विशेष अतिथि पोखरा महानगरपालिका वडा न १४ का वडा अध्यक्ष वोधराज कार्कीले वडामा मन्दिर वन्नु राम्रो भएको बताउदै अब एयरपोटले पनि वडाको विकासमा ध्यान दिनु पर्ने वताए। कार्यक्रममा मन्दिरका सल्लाहकार रूद्रनाथ वरालले प्रदेशको वजेटवाट मन्दिर निर्माण भएकोमा खुसि व्यक्त गरेका थिए। कार्यक्रममा सारदा वरालले यस क्षेत्रमा मन्दिर बनी धेरै देविदेवताको मुर्तिहरू हुनु सवै का लागि राम्रो भएको वताईन्। मझेरिपाटन शिव मन्दिर निर्माण उपभोक्ता समितिका कोषाध्यक्ष दुर्गा खत्रीले ९ लाख १६ हजार ७ सय २५ आम्दानी र ९ लाख ८० हजार ७ सय खर्च प्रस्तुत गरेकि थिईन्।

जसमध्ये गण्डकि प्रदेश सरकारवाट ५ लाख सहयोग प्राप्त भएको थियो । कार्यक्रम मझेरिपाटन शिवमन्दिर संरक्षण उपभोक्ता समितिका अध्यक्ष किसन कुमार खनालको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत उपसचिवव सारदा वराल र सञ्चालन प्रकाश शर्माले गरेका थिए।

निर्वाचनमा एक करोड ७९ लाख ८८ हजार मतदाता

पोखरापत्र संवाददाता

पोखरा, ३१ भदौं

निर्वाचन आयोगले आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनका लागि एक करोड ७९ लाख ८८ हजार पाँच सय ७० मतदाताहरुको अन्तिम नामावली स्वीकृत गरेको छ।

निर्वाचन घोषणा भएको गत साउन १९ गतेसम्म मतदाता नामावलीमा नाम दर्ता गरी निर्वाचन हुने अघिल्लो दिन मङ्सिर ३ गतेससम्ममा १८ वर्ष उमेर पूरा हुने ८८ लाख ४७ हजार पाँच सय ७९ महिला, ९१ लाख ४० हजार आठ सय छ पुरुष र एक सय ८५ जना अन्य गरी उक्त संख्यामा मतदाता नामावली आज स्वीकृत गरेको हो। गत वैशाख ३० गते भएको स्थानीय तहको निर्वाचनमा एक करोड ७७ लाख ३३ हजार सात सय २३ मतदाता रहेका थिए।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले शुक्रबार विज्ञप्ति जारी गरी मतदाता संख्या समेतका आधारमा आयोगले १० हजार आठ सय ९१ मतदान स्थल र सोअन्तर्गत २२ हजार दुई सय २६ मतदान केन्द्रहरु रहने गरी स्वीकृत गरेको जानकारी दिनुभएको छ।

आयोगका अनुसार सबैभन्दा बढी मतदाता रहेका जिल्लाहरु मोरङ, झापा र काठमाडौं छन् भने सबैभन्दा कमतर्फ क्रमशः मनाङ, मुस्ताङ र डोल्पा रहेका छन्।

नेपाल साफ च्याम्पियनशिप फुटबलको इतिहास रच्ने मोडमा

रासस

काठमाडौं, ३१ भदौं

©onlinekhabar.com

साफ च्याम्पियनशिप फुटबलको बाह्र वर्षे इतिहासमा नेपाली राष्ट्रिय महिला टोलीले पहिलो पटक भारतलाई पराजित गरेको छ।

सन् २०१० मा बङ्गलादेशबाट सुरुआत भएको महिला साफ च्याम्पियनशिपमा नेपालले यसअघि भारतलाई हराउन सकेको थिएन । शुक्रबारको जीतसँगै नेपाल साफ च्याम्पियनशिपको पाँचौंपटक फाइनलमा पुग्यो। नेपालले भारतलाई १-० गोलअन्तरले पराजित गर्दै नयाँ इतिहास रच्न सफल भयो। नेपालको जीतमा निर्णायक गोल रश्मिकुमारी घिसिङले गरिन्। उनले खेलको पहिलो हाफको इन्जुरी समयमा प्रिति राईको पासमा नेपालका लागि निर्णायक गोल गरिन्। खेलको ३३औं मिनेटमा प्रिति राईले पेनाल्टी क्षेत्रबाहिरबाट गरेको सुन्दर प्रहार पोष्टभन्दा माथिबाट बाहिरिएको थियो । पहिलो हाफमा अग्रता लिएसँगै नेपालले खेलको दोस्रो हाफको सुरुआतदेखि नै भारतलाई दबाबमा राखेको थियो। खेलको ६४औं मिनेमा प्रिति राईले डी बक्सभित्रबाट गरेको प्रहार पोष्ट नजिकैबाट बाहिरिएका थियो। त्यस्तै खेलको ७६औं मिनेटमा भारतकी खेलाडी सौम्याको प्रहारलाई नेपालकी गोलरक्षक एन्जिलाले उत्कृष्ट बचाउ गरिन् । खेलको ८३औं मिनेटमा सौम्याको क्रसमा करिब ६ यार्डबाट बल क्लियर नहुँदा भारतले गोल फर्काउने सुन्दर अवसर पाए पनि सफल भएन । साफ च्याम्पियनशिपमा नेपालले यसअघि चार पटक फाइनल र एक पटक सेमिफाइनलसम्मको यात्रा तय गर्दा भारतविरुद्ध जीत निकाल्न सकेको थिएन । घरेलु मैदान विराटनगरमा आयोजित पाँचौं संस्करणको साफ च्याम्पियनशिपमा घरेलु समर्थकको साथ हुँदाहुँदै पनि नेपालले फाइदा लिन सकेको थिएन। तर यसपटक नेपालले करिब सात हजार दुई सय घरेलु समर्थकको पूरै लाभ उठायो । पाँच पटकको साफ च्याम्पियनशिपको विजेता भारत पहिलो पटक सेमिफाइनबाट बाहिरियो । साफ च्याम्पियनशिपमा जहिले पनि नेपाल भारतसँगै पराजित हुँदै आएको थियो। साफको सुरुआती चरणको फाइनल खेलमा पनि नेपाल भारतसँग १-० गोलअन्तरले पराजित हुँदै दोस्रो बनेको थियो। सन् २०१२ मा भएको दोस्रो संस्करणको फाइनल खेलमा पनि नेपाल भारतसँगै ३-१ गोलअन्तरले पराजित भएको थियो। यसैगरी सन् २०१४ मा भएको तेस्रो संस्करणको फाइनल खेलमा पनि नेपाल भारतसँग ६-० गोलअन्तरले पराजित हुँदै उपविजेता बनेको थियो। सन् २०१६ मा भएको चौथो संस्करणको खेलमा भने नेपाल सेमिफाइनलबाटै बाहिरियो । त्यतिबेला नेपाल सेमिफाइनल खेलमा भारतसँग ३-१ गोलअन्तरले पराजित हुँदै प्रतियोगिताबाट बाहिरिएको थियो। सन् २०१९ मा भएको पाँचौं संस्करणमा पनि नेपालले फाइनल खेलमा ३-० गोलअन्तरले भारतसँग पराजित हुँदै दोस्रो स्थानमा चित्त बुझाएको थियो । साफ महिला च्याम्पियशिपको इतिहासमा अब नेपालले पहिलो पटक बङ्गलादेशलाई प्रतिद्वन्द्वी पाएको छ । घरेलु समर्थकका माझ नेपाल र बङ्गलादेशबीचको फाइनल खेल सोमबार हुनेछ। आजै भएको पहिलो सेमिफाइनल खेलमा बङ्गलादेशले भूटानलाई ८-० गोलअन्तरले पराजित गर्दै फाइनल यात्रा तय गरेको थियो। यसअघिका पाँचै संस्करणको उपाधि भारतले जितेको थियो । छटौं संस्करणमा नयाँ राष्ट्र च्याम्पियन हुने निश्चित भएको छ। समूह चरणको खेलमा नेपालले भूटानलाई ४-० गोलअन्तरले पराजित गरेको थियो भने श्रीलङ्कालाई ६-० गोलअन्तरले हराएको थियो । खेलपछि नेपाली टोलीका मुख्य प्रशिक्षक कुमार थापाले बाह्र वर्षपछि इतिहास रच्न पाउँदा खुसी लागेको प्रतिक्रिया दिनुभयो। उहाँले सबै खेलाडीको मेहनत र आम फुटबलप्रेमीको समर्थनमा नेपालले जीत दर्ज गरेको बताउनुभयो । भारतविरुद्धको खेलमा वर्षा बाधक नबन्दा जीत हात पार्न सहज भएको उहाँको प्रतिक्रिया थियो । मुख्य प्रशिक्षक थापाले नेपाली टोलीले पाएको अवसरलाई गुमाउन नदिएको उल्लेख गर्दै बङ्गलादेशविरुद्धको फाइनलमा पनि उत्कृष्ट खेल प्रदर्शन गर्ने विश्वास व्यक्त गर्नुभयो । राष्ट्रिय फुटबल टोलीकी सदस्य प्रिति राईले घरेलु दर्शकले खेल जिताउन सहयोग पुऱ्याएको र आगामी खेलमा पनि उत्कृष्ट खेल प्रदर्शन गर्ने बताउनुभयो ।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

पोखरा महानगरले बाँड्यो १० लाख रूपैयाँको खेल सामग्री

पोखरापत्र संवाददाता

पोखरा, ३१ भदौं

पोखरा महानगरपालिका मातहतको खेलकुद विकास समितिले खेलाडीलाई १० लाख रूपैयाँ बराबरको खेल सामग्री वितरण गरेको छ।

नगर प्रमुख धनराज आचार्यको उपस्थितिमा शुक्रबार पोखरा रंगशालामा खेलसम्बद्ध संघसंस्था, प्रशिक्षक र खेलाडीलाई खेलकुद विकास समितिले सामग्री वितरण गरेको हो हो । बास्केटबल, भलिबल, फुटबल, आइटिएफ तेक्वान्दो, केन्पो काइ, बक्सिङ, मुआ थाइ, उसु, एथलेटिक्स, कराँतेलगायत खेलका संघसंस्था, प्रशिक्षक र खेलाडीलाई १ देखि ६६ थानसम्म सामग्री वितरण गरिएको छ । खेल सामग्री वितरण गर्दै मेयर आचार्यले असोज अन्तिममा पोखरामा हुने नवौं राष्ट्रिय खेलकुदमा धेरै पदक जित्ने गरी मिहिनेत गर्न प्रशिक्षक र खेलाडीलाई आग्रह गरे। 'पोखरा उत्कृष्ट आतिथ्यता दिने सहर हो । पाहुनालाई सम्मानजनक व्यवहार गर्न चुक्न हुँदैन,' उनले भने, 'सम्मान त गर्ने हो, त्योसँगै पदक पनि जित्नुपर्छ । ३६ खेलमध्ये धेरैभन्दा धेरै खेलमा पदक गण्डकी प्रदेशले ल्याउने गरी मिहिनेत आवश्यक छ ।' नवौं राष्ट्रिय खेलकुद सफल पार्न स्थानीय आयोजक भएको नाताले पोखरासँगै प्रदेशका खेल संघ र खेलाडी लाग्नुपर्ने उनले बताए। 'राम्रो भयो भने त्यसको जस् हामीले नै पाउँछु । केही नराम्रो भए पोखरा र हाम्रै बद्नाम हुने हो। खेलसँग सम्बन्धित सबै अनुशासित र मर्यादित हुन जरुरी छ,' उनले भने। पोखराबाट राष्ट्रिय/अन्तर्राष्ट्रिय प्रशिक्षक उत्पादन गर्ने गरी योजना ल्याउने मेयर आचार्यले बताए। थोरै बजेट भए पनि सके जति खेललाई सामग्री बाँडेर सम्बोधन गर्ने प्रयास गरेको खेलकुद विकास समिति अध्यक्ष दिपकबहादुर गोदारले बताए। नवौं राष्ट्रिय खेलकुदमा सहभागी हुने खेलाडीलाई यसपटक सम्बोधन गरेको उनको भनाइ थियो । खेलकुद विकास समितिको कार्यालय मेयर आचार्यले शुक्रबार नै रंगशालामा उद्घाटन गरेका छन् । यसअघि कार्यालय ड्यामसाइडस्थित शिक्षा महाशाखासँगै थियो। खेलसम्बद्ध निकाय भएको र रंगशालामा राख्दा कार्यसम्पादनमा सहज हुने भएकाले कार्यालय सारिएको खेलकुद विकास समितिका सदस्य सचिव सुवास खड्काले बताए।

बुद्ध विशाल बजारको 'दशैँ तिहार उपहारै उपहारको बहार' योजनाको मासिक विजेता घोषणा

पोखरापत्र संवाददाता

पोखरा, ३१ भदौं

पोखराको बुद्ध विशाल बजार व्यापारिक एशोसिएसनले नेपालीहरुका चाडपर्व दशैँ तिहारलाई लक्ष्य गरेर ल्याएको 'दशैँ तिहार उपहारै उपहारको बहार' उपहार योजनाका दोस्रो मासिक विजेताहरु छानिएका छन् ।

बुद्ध बिशाल बजार
बाणिज्य बैंक भवन
स्वागत गर्दछौं ।

बुद्ध विशाल बजार व्यापारिक एशोसिएसनको कार्यालयमा बुधबार एशोसिएसनको कार्य समितिले फेसबुक लाईभबाट मासिक उपहार विजेता छनोट कार्यक्रम गरि बिजेता टिकट नम्मरहरु सार्वजनिक गरेको हो । मासिक विशेष उपहार अन्तरगत ५ हजारको सपिङभौचर बिजेता टिकट नम्वरहरुमा ८१२०४, ३८५३३, ३६७१४, २५९०९ रहेका छन् । कार्यक्रममा बुद्ध विशाल बजार व्यापारिक एशोसिएसनका अध्यक्ष केशवबहादुर खत्रीले लक्की ड्र मार्फत् बिजेता घोषणा गरेका थिए । एशोसिएसनका अध्यक्ष केशवबहादुर खत्रीले उपहार कार्यक्रममा प्रथम पुरस्कार स्कुटर, दोस्रो उपहार ४३ इन्चको स्मार्ट टेलिभिजन र तृतीय पुरस्कार स्मार्ट फोन १५ हजार बराबरको ३ जनालाई प्रदान गरिने बताए । उनका अनुसार बुद्ध विशाल बजार व्यापारिक एसोसिएसन भित्रका कुनै पनि पसलबाट ५ सयको समान खरिद गर्दा एउटा उपहार कुपन र १५ सय भन्दा बढीको खरिद गर्दा २ वटा उपहार कुपन उपलब्ध गराइनेछ । मासिक विशेष उपहार सपिङ भौचर ५ हजार बराबरको ४ जनालाई लक्की ड्र मार्फत् उपलब्ध गराइने र महिनाको अन्तिम बुधबार खोलिने संस्थाका कोषाध्यक्ष तथा उपहार कार्यक्रमका संयोजक थमनसिंह गुरुङले जानकारी दिए । बुद्ध विशाल बजार व्यापारिक एशोसिएसनका उपाध्यक्ष ईन्द्रराज अर्यालका अनुसार उपहार कार्यक्रम साउन १ गतेदेखि पाँच महिनासम्म सञ्चालन हुनेछ । चाडपर्वका अवसरमा विगतदेखि नै विभिन्न उपहार योजनामार्फत ग्राहक आकर्षित गर्दै आएको एशोसिएसनले यस वर्ष धेरै भन्दा धेरै ग्राहकलाई समेटन 'दशैँ तिहार उपहारै उपहारको बहार' उपहार योजना ल्याएको एशोसिएसनका महासचिव बुद्धिबहादुर कुँवर बताए । बुद्ध विशाल बजारभित्र करिव दुईसय सटरमा फेन्सी, कस्मेटिक, जुत्ता चप्पल, वित्तीय संस्था, रेष्टुरेन्ट, सारी तथा कुर्ता लगायतका पसल सञ्चालनमा छन् ।

विश्वकर्मा पूजा एवं वास्तु दिवस

रासस

काठमाडौं, १० भदौं

कन्या अर्थात् आश्विन सङ्क्रान्तिका दिन आज कालिगडहरूले विश्वकर्माको पूजा आराधना गरी विश्वकर्मा दिवस मनाउँदैछन् ।

विभिन्न कलकारखानामा विश्वकर्मा भगवान्को बालुवाको मूर्ति वा तस्वीरमा विधिपूर्वक पूजा आराधना गरी यो दिवस मनाउने गरिन्छ। कलकारखानालाई विशेषरूपमा सजाएर मजदुरलाई समेत सहभागी गराएर यो दिवस मनाइन्छ। बालुवा अन्य चीजबाट बनाइएको विश्वकर्माको मूर्ति वाग्मती मुहानस्थल सुन्दरीजल वा अन्य स्थलमा लगी सेलाउने गरिन्छ । आज पूजा गरी आइतबारदेखि नदीमा लगी मूर्ति सेलाइन्छ।

आजका दिन कालिगडले उपयोगमा ल्याउने विभिन्न औजारका सामानमा पूजा आराधना गरेमा धेरै समय टिक्ने, कामका बेलामा नबिग्रने र राम्रो काम गर्न सकिनेलगायत गुण प्राप्त हुने धार्मिक विश्वास छ। द्वापर युगमा भगवान् कृष्णलाई राक्षसहरूले दुःख दिएपछि विश्वकर्माले समुद्रको बीचमा 'भेद द्वारका' बनाई लुकाएको धार्मिक विश्वास छ । एकै रातमा समुद्रको बीचमा 'भेद द्वारका' को निर्माण गरेकाले विश्वकर्मालाई सफल वास्तुविद्का रूपमा मानी त्यसै समयदेखि पूजा आजा गर्ने परम्परा बसेको धर्मशास्त्रविद् प्रा डा रामचन्द्र गौतम बताउनुहुन्छ । प्राचीन भारतवर्षका चारदिशाका रक्षक देवतामध्ये द्वारकालाई पश्चिम दिशाको रक्षकका रूपमा समेत मानिन्छ । विश्वकर्माले निर्माण गरेको 'भेद द्वारका' अहिले पनि भारतको गुजरात राज्यमा समुद्रको बीचमा रहेको विश्वास गरिन्छ। विश्वकर्मालाई वास्तु विद्याका विशिष्ट ज्ञाताका रूपमा समेत मानिन्छ। विश्वकर्मा प्रकाश नामक वास्तु शास्त्रको ग्रन्थ उहाँले नै रचना गर्नुभएको विश्वास गरिने वास्तुशास्त्री शिव पोखरेल बताउनुहुन्छ। यही सम्झनामा नेपालका कालिगडहरूले आज भव्यरूपमा विश्वकर्मा बाबाको पूजा गरी उहाँको विद्वताको सम्मान गर्छन् । यसो गरेमा आफूमा पनि विश्वकर्माको गुण प्राप्त हुने विश्वास गर्दछन् । यस विश्वासमा आज इञ्जिन जडान भएका यन्त्र सवारी साधनमा समेत पूजा आराधना गरिन्छ। वास्तुका शास्त्रका पुस्तकका लेखक एवं अध्येताको सम्झनामा आजको दिनलाई वास्तुविद्हरूले वास्तु दिवसका रूपमा समेत मनाउने गर्छन् । पछिल्लो समय नेपालमा पनि वास्तु विद्याको पुनर्जागरण सुरु भएको छ। चार उपवेदमध्येको एक स्थापत्यवेदमा वास्तु शास्त्रकै विषय उल्लेख गरिएको छ। लुप्तप्रायः भएको स्थापत्य वेदमा आधारित शहर एवं आवास निर्माण गर्नेको सङ्ख्या पनि बढ्न थालेको छ।



कास्कीको लेखनाथको अघौंचोकमा शिवमाया शेरपूर्जाको दिदी-बहिनी कृषि फार्म । उहाँको फार्ममा ११ भैंसी, चारवटा गाई, ३९ वटा बाख्रा र छवटा टनेलमा तरकारी खेती छ।
तस्बिर : ऋषिराम बराल, रासस

असोज १९ गते बुधबार ११:५१ बजे विजया दशमीको उत्तम साइत

रासस

काठमाडौं, ३१ भदौं

यस वर्ष विजयादशमीको साइत असोज १९ गते बुधबार बिहान ११:५१ बजे उत्तम रहेको नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले जनाएको छ । त्यस दिन बिहान १०:३४ बजे देवी विसर्जन गरी ११:५१ बजेको साइतमा मान्यजनबाट देवीको प्रसादका रूपमा टीका लगाउन सकिने समितिले जनाएको छ। पूर्वी मोहडा गरेर टीका लगाउनुपर्ने पनि समितिले जनाएको छ। विजयादशमीका दिन दिनभर टीका लगाउन सकिने भए पनि साइतमै टीका लगाउन चाहनेका लागि यो साइत दिइएको समितिका अध्यक्ष प्रा श्रीकृष्ण अधिकारीले राससलाई जानकारी दिनुभयो।

राज्य सञ्चालकले भने समितिले तोकेकै साइतमा मान्यजनबाट टीका, प्रसाद थाप्नुपर्ने उहाँले बताउनुभयो । देवीको प्रसादका रूपमा देशका धेरै भागमा कोजाग्रत पूर्णिमाका दिनसम्म मान्यजनबाट टीका र आशीर्वाद थाप्ने गरिन्छ । केही भागमा भने विजयादशमीका दिनमात्र देवीको प्रसादका रूपमा टीका थाप्ने गरिन्छ । नेपालमा राष्ट्रिय चाडका रूपमा दशैं मनाउने गरिन्छ । दशैंमा वातावरण नै उल्लासमय बन्छ। विभिन्न पेशा र व्यवसायका क्रममा थातथलोभन्दा टाढा रहेका नेपाली मान्यजनको आशीर्वाद थाप्न घर फर्कने गर्छन् । शरद ऋतुको उल्लासमय वातावरणमा मनाइने दशैंमा विशेषगरी नवदुर्गा भवानीको विशेष पूजा, आराधना गरिन्छ।

यस वर्ष असोज १० गते सोमबारदेखि नवरात्रारम्भ हुँदैछ । नवरात्रको पहिलो दिन घटस्थापना गरिन्छ । घटस्थापनाका लागि बिहान १०:२३ बजेको साइत शुभ रहेको छ। असोज ११ गते झण्डा फेर्ने साइत ११:११ बजे उत्तम रहेको समितिका कार्यकारी निर्देशक सूर्यप्रसाद ढुङ्गेलले बताउनुभयो । झण्डा फेर्दा पूर्व मोहडा गरेर फेर्नुपर्ने पनि उहाँले सुनाउनुभयो । असोज १४ गते शुक्रबार पचलीभैरव यात्रा हुने भएको छ । असोज १६ गते आइतबार फूलपाती पर्व परेको छ। यसै दिन बिहान १०:०५ बजे तुलजा भवानी यात्राको साइत जुरेको छ। तुलजा भवानीलाई स्थिर आसनमा राख्ने साइत बिहान ११:३५ बजेको छ। असोज १७ गते सोमबार महाअष्टमी पर्व परेको छ। राति भने कालरात्रि पर्व मनाइन्छ । असोज १८ गते मङ्गलबार महानवमी पर्व परेको छ । असोज १९ गते बुधबार विजयादशमी पर्व परेको छ । नेपालीको महान् पर्व बडादशैंको यो मुख्य दिन हो । यस दिन बिहान ७:३५ बजे तुलजा भवानी यात्राको साइत छ। तुलजा भवानीलाई स्थिर आसनमा राख्ने साइत भने ८:४७ बजे रहेको समितिले जनाएको छ। खड्गयात्रा पनि यसै दिन परेको छ।

असोज २२ गते शनिबार सबै बलिपूर्ति गर्नुपर्ने छ । असोज २३ गते आइतबार कोजाग्रत पूर्णिमा पर्व परेको छ। यस दिन बेलुकी घर घरमा धनधान्यकी देवी महालक्ष्मीको पूजा आराधना गरेपछि १५ दिन लामो दुर्गा पक्ष अर्थात् दशैं पर्व समापन हुन्छ।

सार्बजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०७९/०६/०१

पोखरा महानगरपालिका, वडा नं.२२, कास्की, गण्डकी प्रदेशमा निर्माण तथा सन्चालन हुन् लागेको पाल्पा कोलोनीको संक्षिप्त वातावरणीय अध्ययन प्रतिबेदन उपर निम्न मिति र समयमा हुने सार्बजनिक सुनुवाई कार्यक्रम मा उपस्थिति को लागी हार्दिक अनुरोध गर्दछौ

कार्यक्रमः
मितिः २०७९/०६/०२
स्थानः पोखरा महानगरपालिका, वडा नं.२२ कोलोनी निर्माण स्थल
फोन : ९८५६०१८४४७

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सर्म्पकः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

डेंगु ज्वरो : उपचार र बच्ने उपाय

–डा राजकुमार बिक

हिजो आज कान्ति बाल अस्पतालमा सेवाग्राहीको चाप निकै बढेको छ । केही दिनएता बालबालिकामा ज्वरोको समस्या एकदमै बढेसँगै ओपिडी तथा राती अबेरसम्म पनि बच्चाहरु बोकी आमाबुवा इमरजेन्सीमा लामबद्ध भइ बसेका हुन्छन् । ज्वरो आउने धेरै कारण मध्ये डेंगु ज्वरो पनि भएको र काठमाडौं उपत्यका लगायत देशको विभिन्न भागमा दिनानु केस बढ्दै गएकाले साथै असारदेखी भदौमा बढी देखिने र जोखिम हुने भएकाले आजको यस अंक मा डेंगु रोग बारे जानकारी गराउने छु । स्वास्थ्य मन्त्रालयको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले साप्ताहिक रुपमा प्रकाशन गर्ने बुलेटको तथ्यांकलाई आधार मान्ने हो भने यो एक महिनाको समयमा नेपालभरीमा करिब १४९ जना डेंगुका केस फेला परेका छन्। गएको असारको अन्तिम हप्ताको मात्रै रिपोर्ट केलाउने हो भने ५८ जना बिरामी फेला परेका छन् । जुन गत वर्ष यही समयमा मात्रै १९ जना थिए । त्यसैगरी गएको हप्तामा सबै भन्दा बढी संखुवासभा (१५ जना) र धादिङ (१२ जना) मा फेला परेका छन्। ४ जना काठमाडौं बाट फेला परेका छन् भने जुम्लामा २ जना भेटिएका छन् ।

डेंगु ज्वरो

डेंगु ज्वरो एडिस एजेप्टाई र एडिस एल्वौपेक्टस नामक डेंगु भाइरस संक्रमित लामखुट्टेले टोकेर हुने तीब्र भाइरल संक्रमण हो । नेपालमा प्राय गरेर प्रत्येक वर्ष जुन देखी अगस्ट महिनामा मनसुन सुरु हुन्छ र यती बेला नै धेरै केसहरु भेटिने गर्दछ ।

लक्षण

फेब्राइल अवस्था

- एक्कासी उच्च ज्वरो आउनु हो। यो ज्वरो २ देखि ७ दिनसम्म रहन सक्छ ।

- असाध्यै टाउको दुख्ने,

- आँखाको गेडी तथा

-आँखाको पछिल्लो भाग दुख्ने

- ढाड, जोर्नी तथा

-मांसापेसीहरू दुख्ने,

- आँखाहरु पोल्ने,

- वाकवाकी लाग्ने ,बान्ता हुने, पेट दुख्ने

- शरीरमा विमिरा आउने,

- नाक वा गिजाबाट रगत बग्ने

-बच्चाहरुमा फेब्राइल सिजर हुने,

- कलेजो सुन्निने तथा कलेजो रहने ठाउँमा पेटमा थिच्दा दुख्ने,

-रगत जचाउँदा प्लेटलेट्स र सेता रक्तकोष क्रमशः घटदै जाने र पीसीभी बढ्दै जाने हुन्छ ।

जटिल अवस्था

- ज्वरो हराउने बेलामा केही बिरामीहरु झन् सिकिस्त हुने गर्छन् जसमा बिरामीहरुलाई बान्ता हुने तथा अत्याधिक पेट दुख्ने, फोक्सो तथा पेटमा पानी जम्ने, बेहोस हुन थाल्ने, कलेजो, दिमाग तथा मुटुमा समस्या र अत्याधिक रक्तस्राव हुन सक्दछ। रोगको जटिलता बढ्दै गएमा र उचित उपचार नपाएमा बिरामीको ज्यान समेत जान सक्दछ ।

रिकभरी अवस्था

-यदी २४-४८ घण्टाको क्रिटिकल फेज पार गरेपछि बिरामीहरुलाई सजिलो महसुस हुन्छ, खाना रुच्न थाल्छ, लक्षणहरु कम हुँदै जान्छ ।

-कस्ता व्यक्ति जोखिममा छन् त ?

-एक वर्ष मुनिका बालबालिका

- वृद्धवृद्धा

- मोटो मानिस

- रगत बग्ने समस्या हुने व्यक्ति

- गर्भवती

उपचार

यो एक किसिमको भाइरल ज्वरो भएकाले खासमा कुनै औषधि उपचार छैन। खास उपचार समेत नभएको हुँदा लामखुट्टेको टोकाइबाट बच्नु नै यस रोगको बचावटको मुख्य उपाय हो। बिरामीको अवस्था तुरुन्तै जटिल हुन गई मृत्युह समेत हुन सक्ने भएकाले शंकास्पद बिरामी वा आफन्तले तुरुन्तै नजिकै हुने स्वास्थ्य संस्थामा गई उचित परामर्श लिनु जरुरी देखिन्छ ।

रगत बग्ने र ग्यास्ट्राइटिस गराउने जोखिम हुने भएकाले विशेष गरेर डेंगु देखिएको क्षेत्रमा ज्वरो कम गर्न सिटामोलको मात्रै प्रयोग गर्ने र अनावश्यक आईबुप्रोफेन तथा एस्पीरीनको प्रयोग नगर्ने।

शरीरमा पानीको मात्रा कम हुन नदिने, झोलिलो पदार्थ प्रशस्तै खाने ।

बच्ने उपाय

- डेंगु ज्वरोबाट बच्न लामखुट्टेको टोकाइबाट बच्नुका साथै लामखुट्टेको वृद्धि रोक्ने

- सुर्योदय भएको २ घण्टा पछि र सुर्यास्त हुनु २ घण्टा अघी डेंगु गराउने लामखुट्टेले बढी टोक्ने भएकाले सो समयमा बढी सचेत रहने ।

- पानी जम्न सक्ने भाँडाहरू जस्तै गमला, फुलदान, खाली बट्टा, अलकत्रा वा मट्टितेलका खाली ड्रमहरू, गाडीका काम नलाग्ने टायरहरू आदिमा पानी जम्न नदिने

- लामखुट्टेलाई टोक्न नदिन बाहुला भएको वा शरीर ढाकिने लुगा लगाउने,

- सम्भव भएसम्म दिउँसो सुत्दा पनि झुल प्रयोग गर्ने,

- लामखुट्टेको टोकाइबाट बच्न लामखुट्टे भगाउने मलहम दल्ने,

- घरका झ्याल ढोकामा जाली लगाउने,

- घर वरिपरी सफा सुग्घर राख्ने, पानी जम्ने खाल्टा खुल्टी पुर्ने गर्नु पर्छ ।

साभारः स्वास्थ्य खबर

बागलुङमा 'डेङ्गु नष्ट, आफ्नै घरबाट' अभियान

पोखरापत्र संवाददाता

बागलुङ, ३१ भदौं

नेपालमा पछिल्लो समय महामारीको रुपमा फैलन थालेको डेङ्गु रोग रोकथामा लागि जिल्ला स्वास्थ्य कार्यालयले सचेतनासहित 'डेङ्गु नष्ट, आफ्नै घरबाट' अभियान थालेको छ ।

डेङ्गुको सङ्क्रमणबाट बच्न सुरुमा आफ्नै घर वरपर रहेको पानी जम्ने खाल्टाखुल्टी पुर्ने, गमलामा जम्मा भएको पानी फाल्ने र रामखुट्टेको लार्भा फाल्नका लागि सेचतनामूलक कार्यक्रम वडा वडामा पुऱ्याउन थालिएको उक्त कार्यालयले जनाएको छ । कार्यालयका निमित्त प्रमुख तथा जनस्वास्थ्य निरीक्षक लक्ष्मी शर्माका अनुसार जिल्लामा उच्च गतिमा फैलिएको डेङ्गु सङ्क्रमणबाट बच्नका लागि बिहीबारदेखि विभिन्न सचेतनामूलक अभियान र डेङ्गुको लार्भा नष्ट अभियान थालिएको हो । "बागलुङमा डेङ्गु सङ्क्रमण बढ्दो क्रममा छ, पछिल्लो १० दिनमा २० जनामा सङ्क्रमण भइसकेको छ, रोकथामका लागि हामीले बिहीबारदेखि नै काम सुरु गरेका छौँ, सरोकारवाला निकायलाई डेङ्गुबारे सचेतना गराएका छौँ भने पत्रकारमार्फत पनि नागरिकलाई सचेत गराएका छौँ", उहाँले भन्नुभयो, "नागरिकको घरबाटै डेङ्गु सङ्क्रमण रोक्न अभियान थालेको छौँ, यसलाई वडा तहमै पुऱ्याइने छ, घरमा जमेको पानी र पानीमा रहेका लार्भालाई खोजौँ र नष्ट गरौँ भन्दै घरघरमास्वास्थ्यकर्मी,जनप्रतिनिधि र सरोकारवाला निकायलाई पठाइनेछ ।" कार्यालयका अनुसार शुक्रबारदेखि जिल्लाका सबै पालिकामा सचेतनामूलक कार्यक्रम गर्ने, स्वास्थ्य सूचना प्रसारण गर्ने, विद्यालयमा स्वास्थ्य शिक्षा दिनेलगायतका कार्यक्रम तय गरिएको छ । बागलुङस्थित धौलागिरि अस्पतालकाका डा रायना श्रेष्ठका अनुसार एडिज नामको लामखुट्टेको टोकाइबाट सर्ने उक्त रोगबाट बच्नुको पहिलो उपायनै लामखुट्टेको टोकाइबाट बच्ने हो, त्यसको अलवा झुलको प्रयोग गर्ने र घर वरपर पानी जम्न नदिनु हो । डेङ्गु एक भाइरसद्वारा लाग्ने सङ्क्रमण हो, जुन एडिज नामको लामखुट्टेको टोकाइबाट हुने गर्दछ । विभिन्न प्रकारका एडिजमध्ये एडिज एलवोपिक्टस र एडिज एजेप्टी मुख्य हुन् । डेङ्गु भाइरस चार प्रकारका हुने प्रमाणित भइसकेको र यी सबै नेपालमा पाइने गरेका छन् । एडिज लामखुट्टेको शरीर र खुट्टामा सेता-काला धब्बा हुन्छन्, त्यसैले गर्दा यसलाई टाइगर लामखुट्टे पनि भनिन्छ यो रामखुट्टेबाट मात्रै डेङ्गुको रोग सङ्क्रमण हुने गरेको छ। यसले दिउँसो टोक्दछ भने सफा र स्थिर पानीमा यसले अण्डा पार्ने गर्दछ । पोथी लामखुट्टेले आफ्नो अण्डाको विकासका लागि रगत चुस्ने गर्दछ। आफ्नो १४ देखि २१ दिनको जीवनचक्रमा यसले करिब तीन सयवटा अण्डा पार्दछ। डेङ्गु रोग लागेपछि अचानक ज्वरो आउने, वाकवाकी लाग्ने र अचेत हुनेलगायतका लक्षण देखा पर्दछन् ।

पशुपन्छी बीमामा किसानलाई अनुदान

पोखरापत्र संवाददाता

पोखरा, ३१ भदौं

भेटेरिनरी अस्पतालत तथा पशु सेवा विज्ञ केन्द्र तनहुँले आर्थिक वर्ष ०७९/०८० मा पशुधन सुरक्षाअन्तर्गत पशुपन्छी बीमा कार्यक्रमलाई प्रोत्साहन दिएको छ।

कार्यालयले रु एक लाख ३५ हजार छ सय ६४ पशुपन्छीको २० प्रतिशत प्रिमियमका दरले रु ४५ लाख ४८ हजार अनुदान दिएको हो । जिल्लामा कुखुरा एक लाख २८ हजार आठ सय २२, गाई एक हजार छ सय ९७, भैंसी एक हजार दुई सय ६२, बाख्रा दुई हजार चार सय ६८ र बङ्गुर एक हजार चार सय १४ रहेका छन् । तनहुँमा ५२ हजार छ सय १५ परिवार पशुपालनमा संलग्न हुँदै आएको कार्यालयका प्रमुख डा बालकुमार श्रेष्ठले जानकारी दिनुभयो । केन्द्रले पशुपन्छी पालन किसानका लागि बीमाङ्क रु ४५ करोड ४८ लाख बराबरको बीमा गरिदिएको छ। "पशुपालन किसानमा हुनसक्ने क्षतिलाई न्यूनीकरण गर्न बीमा कार्यक्रमलाई प्रोत्साहन गरिएको हो", उहाँले भन्नुभयो, "बीमाका साथसाथै अनुदानका कार्यक्रम पनि ल्याइएको छ ।" त्यसैगरी, जिल्लाका १११ वटा दुग्ध सहकारीमार्फत अनुदानमा आधारित कार्यक्रमअन्तर्गत रु ४१ लाख ४१ हजार तीन सय ६५ अनुदान वितरण गरेको छ । कार्यालयका अनुसार दुई लाख ३४ हजार छ सय ३६ लिटर दूध उत्पादनमा किसानलाई वितरण गरिएको हो । व्यासमा छ, शुक्लागण्डकीमा दुई बन्दीपुर, भानुमा र म्याग्देमा एक/एक वटा सहकारीमार्फत उक्त अनुदान रकम प्रदान गरेको हो । कार्यालयले किसानलाई पाडी बाच्छी हुर्काउन प्रोत्साहन कार्यक्रम ल्याएको छ । प्रतिपाडी बाच्छीका लागि रु दश हजारका दरले अनुदान वितरण गरिएको कार्यालयले जनाएको छ।

अवैधरुपमा उत्खनन भएको नदीजन्य वस्तु जफत

पोखरापत्र संवाददाता

म्याग्दी, ३१ भदौं

म्याग्दी नदीको बगर क्षेत्रबाट अवैध रुपमा उत्खनन भएको नदीजन्य सामग्री मालिका गाउँपालिकाले जफत गरेको छ ।

गाउँपालिकाको अनुगमन टोलीले वडा नम्वर १, ६ र ७ भएर बग्ने म्याग्दी नदीको किनारमा उत्खनन गरी भण्डारण गरेर राखेको वालुवा र ढुङ्गालगायत नदीजन्य सामग्री जफत गरेको हो। उपाध्यक्ष लक्ष्मीदेवी घर्ती पुनको संयोजकत्वमा सात ठाउँको बगर तथा घाटमा अनुगमन गरेको टोलीले दुई हजार सात दशमलव छ सय ६५ घनमिटर नदीजन्य सामग्री नियन्त्रणमा लिएको गरेको थियो ।

गाउँपालिकाका अध्यक्ष बेगप्रसाद गर्बुजाले अवैध उत्खननमा प्रयोग भएका डोजरलगायत उपकरणको जरिवाना र जफत भएको नदीजन्य सामग्रीलाई करको दायरामा ल्याइने बताउनुभयो । "जफत भएको बालुवा तथा ढङ्गालाई जिल्ला दररेटअनुसार बिक्री गराई राजस्व दाखिलागर्न लगाउने निर्णय कार्यपालिकाले गरेको छ", उहाँले भन्नुभयो "डोजर, ट्र्याक्टरका धनीलाई जरिवाना र उत्खननमा संलग्नलाई असोज ५ गतेभित्र तोकिएको राजस्व दाखिलागर्न सार्वजनिक सूचना जारी गरेका छौँ ।" भारवाङ, सावटा, खारा, इल्पु, फेदी, खोप्टीलगायत ठाउँमा डोजर प्रयोगगरी वर्षायाममा अवैध रुपमा उत्खनन गरेका थिए । सरकारले असार १५ देखि भदौ १५ गतेसम्म नदीजन्य सामग्री उत्खनन गर्न रोक लगाएको छ । रात र पानी परेको समयमा नदीमा डोजर प्रयोग गरेर बालुवा निकाल्ने गरेको स्थानीयवासीले बताएका छन् । बेनी नगरपालिकाको वडा नम्बर ५ बगुवाखोला, वडा नम्बर ६ रातोपहिरो लगायतको ठाउँमा पनि डोजर प्रयोग गरेर ठेक्का सम्झौता विनै बालुवा उत्खनन भएको छ । बेनी नगरपालिकाका प्रमुख सुरत केसीले जिल्ला अनुगमन समितिले नदीजन्य सामग्री चोरी नियन्त्रणमा सहयोग नगरेकाले नगरपालिका आफैले अनुगमन गरेर जफत गरि जरिवाना र राजस्व असुलगर्ने बताउनुभयो । यसैगरी म्याग्दीको बेनी बजारसँगै रहेको पर्वतको जलजला गाउँपालिकाले समेत कानुन विपरित नदी किनारबाट निकालिएको छ लाख ४१ हजार ९०२.६५ क्युफिट बालुवा, ढुङ्गा र गिट्टी जफत गरेको छ । लामाखेत, मोहन चोक, मिलनचोक, केराबारी, लस्ती फोर्से, खनियाघाट स्थित कालीगण्डकी नदीको किनारमा डोजर लगाएर उत्खनन गरीएको बालुवा जफत गरिएको गाउँपालिकाका उपाध्यक्ष दिपक आचार्यले जानकारी दिनुभयो । सर्वोच्च अदालतको विस २०७८ असारको आदेश अनुसार स्थानीय तहहरुले कालीगण्डकीबाट नदीजन्य सामग्री उत्खनन र निकासीका लागि ठेक्का लगाएका छैनन् । कालीगण्डकीमा ठेक्का लगाउन नपाएको र अन्य नदीहरुमा ठेक्का नलाग्दै बालुवा चोरी निकासी हुँदा स्थानीय तहले करोडौ राजस्व गुमाएका छन् ।

तपाईको आज

मेष : शत्रुको भय
वृष : झमेला बढ्ने
मिथुन : कार्यमा सफलता
कर्कट : मन चञ्चल
सिंह : सहयोग मिल्नेछ
कन्या : सत्कार मिल्नेछ
तुला : सम्मान मिल्नेछ
वृश्चिक : अप्रत्यसित लाभ
धनु : आर्थिक समस्या
मकर : मानसिक तनाब
कुम्भ : शारीरिक झमेला
मीन : ब्यापारमा लाभ

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

पसल बिक्रीमा

पृथ्वीचोकमा चालु अवस्थामा रहेको पसुल विशेष कारणवस तुः विक्रीमा छ ।

सम्पर्क:
९८२७१९९५८६
९८१९१७११७८

बुद्धसिं मार्गमा बाटैभर फोहरको थुप्रो

पोखरापत्र संवाददाता

दमौली, ३१ भदौं

पृथ्वी राजमार्गको विकल्पको रुपमा विकास गर्न लागिएको महत्वपूर्ण मार्ग हो बुद्धसिं । यो मार्ग सदरमुकाम दमौलीबाट चितवनको घुमाउनेसम्म जोडिन्छ। यो मार्ग हुँदै घुमाउने पुग्न पृथ्वी राजमार्गभन्दा २५ किलोमिटर छोटो पर्छ। गण्डकी प्रदेश सरकारले यो मार्गको दश किलोमिटर खण्डमा कालोपत्रको तयारी पनि गरिरहेको छ।

बुद्धसिं मार्गमा यतिबेला बाटैभर फोहरको थुप्रो छ । ल्याण्डफिल साइट नहुँदा व्यास नगरपालिकाले बुद्धसिं मार्गको सोढेंमा लगेर फोहर फाल्दै आइएको छ । फालिएको फोहर व्यवस्थित नगरिँदा यत्रतत्र फोहर छन्, दुर्गन्ध पनि उस्तै । बाटैभरि फोहर थुप्रिँदा यस मार्ग हुँदै यात्रा गर्ने यात्रुलाई पनि समस्या हुँदै आएको छ । दुर्गन्ध छल्न यहाँ यात्रा गर्नेले नाक थुन्नुपर्ने अवस्था छ। बुद्धसिं मार्ग हुँदै यात्रा गर्ने यात्रु पनि नाक थुनेर हिँड्नुपर्ने अवस्था रहेको व्यास-३ निवासी लक्ष्मण मल्लले बताउनुभयो। "जथाभावी फोहर फालिएको छ, भिरतिर फालिएको फोहर सेती नदीमा खसेको छ", मल्लले भन्नुभयो, "नगरपालिकाको व्यवस्थापन देखिएन । यसतर्फ ध्यान जानुपर्छ ।" बुद्धसिं मार्गका पूर्वअध्यक्ष एवं स्थानीयवासी विश्व बास्तोला फोहरमैला व्यवस्थापन गर्न नसकेर बाटैभरि फोहर फाल्नु स्थानीय सरकारको कमजोरी रहेको बताउनुहुन्छ।

भतेरीमा फोहर फाल्दै आएको नगरपालिकाले भतेरी मादीले कटान गरिदिएपछि चारकुनेमा जग्गा भाडामा लिएर फोहर फाल्दै आएको थियो । उक्त ठाउँ पनि फोहरले भरिएपछि फोहर फाल्ने ठाउँ नपाएर नगरपालिकाले सोढेंमा फोहर फाल्दै आएको छ । फोहर फाल्ने ठाउँको अभावमा सोढेंमा लगेर फोहर फाल्नुपर्ने बाध्यता रहेको व्यास नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिराम नागिला बताउनुहुन्छ। "यस विषयमा सबै सरोकारवालाको ध्यान जानुपर्छ, दीर्घकालीन रुपमा सरसफाइ केन्द्र बनाउने विषयमा नगरपालिका लागिपरेको छ", नागिलाले भन्नुभयो, "फोहर फाल्ने ठाउँ नै नभएपछि अहिले तत्कालका लागि बुद्धसिं मार्गको सोढेंमा फोहर फालिएको छ।" जथाभावी फोहर फालिएको विषयमा भने नगरपालिकाले त्यसलाई व्यवस्थित गर्ने नागिलाले बताउनुभयो।

स्थापनाको ३० वर्षसम्म पनि नगरपालिकाले सरसफाइ केन्द्र बनाउन सकेको छैन । व्यास-१० स्थित मङ्गलीगैह्रामा सरसफाइ केन्द्र बनाउने तयारी गरिँदा स्थानीयले विरोध गरेपछि नगरपालिकाले त्यसबाट पनि पछि हटेको छ।

नगरपालिकाले स्थानीयवासीको गुनासोका आधारमा त्यस ठाउँमा सरसफाइ केन्द्र बनाउने निर्णय स्थगित गरी वैकल्पिक जग्गा खरिद प्रक्रिया अघि बढाउने निर्णय गरेको प्रमुख प्रशासकीय अधिकृत नागिलाले बताउनुभयो। व्यास नगरपालिकाले बजार क्षेत्रको वडा नं २, ३ र ४ बाट दैनिकरुपमा फोहर सङ्कलन गर्दै आएको छ । नगरपालिकाका बजार क्षेत्रबाट दैनिक ११ टन फोहर सङ्कलन हुने गरेको छ।

नगरपालिकाले सरसफाइ केन्द्र निर्माणका लागि वालिङ नगरपालिकाले बनाएको फोहरमैला व्यवस्थापन केन्द्रको पनि अध्ययन अवलोकन गरेको थियो । नगरपालिकाले वर्षौंदेखि व्यास नगरपालिका-३ मादीस्थित भतेरीमा फोहरमैला फाल्दै आएको थियो । मादी नदीमा बर्सेनि आउने बाढीले उक्त ठाउँ कटान गरिदिएपछि फोहरमैला फाल्न समस्या भएको थियो । फोहरमैलाफाल्नेठाउँमादीलेकटान गरिदिएपछि नगरपालिकाले व्यास नगरपालिका-१ मा निजी जग्गा भाडामा लिएर फोहरमैला व्यवस्थापन गर्न थालेको थियो । उक्त ठाउँ पनि फोहरमैलाले भरिएपछि ठाउँ अभाव भएको थियो । नगरपालिका सरसफाइ शाखाका अनुसार व्यास नगरपालिकाको बजार क्षेत्रको वडा नम्बर २, ३ र ४ बाट दैनिक ११ टन फोहर सङ्कलन हुँदै आएको छ। त्यसमध्ये कुहिने फोहर व्यास नगरपालिका-१० दुम्सीमा मल उत्पादनमा प्रयोग गर्ने गरिएको छ । पृथ्वीराजमार्गको विकल्पको रुपमा रहेको बुद्धसिं मार्ग कालोपत्र गरिन लागिएको छ।

दमौलीदेखि सुढेसम्मको दश किलोमिटर सडक कालोपत्रका लागि टेण्डर भइसकेको छ। पोखरा-नारायणगढ सडकको विकल्पमा तयार गरिएको बुद्धसिंह मार्गको थप स्तरोन्नति र घुमाउनेमा पुल निर्माण सम्पन्न भएपछि यस क्षेत्रका नागरिकलाई चितवन र तराईका विभिन्न जिल्लामा जान समय बचत हुन्छ।

उक्त पुल निर्माणपछि घुमाउनेबाट तनहुँ सदरमुकाम दमौली निस्कन अहिले प्रयोग भइरहेको मुग्लिङ, आँबुखैरेनी र डुम्रे हुँदै जाने सडकभन्दा २५ किलोमिटर छोटो पर्न जान्छ । तनहुँको दमौलीबाट घुमाउनेघाटसम्म नियमितरुपमा साना बस तथा दुई पाङ्ग्रे सवारी साधन आउने जाने गरे पनि दुई पाङ्ग्रे सवारी साधन भने झोलुङ्गे पुल तरेर मुग्लिङ-नारायणगढ सडकमा निस्कन्छ भने बस तथा अन्य सवारी साधन भने पुलको अभावमा उतै रोकिन बाध्य छन् ।

चितवनका घुमाउनेमा पक्की पुल निर्माणमा ढिलाइ भइरहेको छ। विसं २०७५ माघमा सम्झौता भएको पुल विसं २०७८ पुस मसान्तसम्म सम्पन्न गर्नुपर्ने म्याद थियो । पुलको काम ३० प्रतिशत मात्रै सकिएको छ । हेटौंडास्थित मृत सञ्जीवनी कम्पनीले पुलको डिजाइन परिवर्तन र मुग्लिङ-नारायणगढ सडक आयोजनाको अवरोधका कारण काममा ढिलाइ भएको दाबी गर्दै आएको थियो। एक सय पाँच मिटर लम्बाइ र फुटपाथसहित ११ मिटर चौडाइ रहने उक्त पुल आधुनिक 'आर्क' डिजाइनमा बन्नेछ । पुलको लागत रु आठ करोड २६ लाख रहेको छ।

डेङ्गु नियन्त्रण गर्न ‘खोज र नष्ट गर’

पोखरापत्र संवाददाता

दमौली, ३१ भदौं

डेङ्गु सङ्क्रमणको जोखिम बढेपछि तनहुँका स्थानीय तहले ‘खोज र नष्ट गर’ अभियान सञ्चालन गरेका छन् । डेङ्गु नियन्त्रणका लागि गण्डकी प्रदेशको प्रवेशद्वारमा अवस्थित आँबुखैरेनी गाउँपालिकाले ‘खोज र नष्ट गर’ अभियान सुरु गरेको हो ।

नेपालका विभिन्न ठाउँमा डेङ्गुको सङ्क्रमण बढ्दै गएकाले सतर्कताका लागि गाउँपालिकाले यो अभियान सुरु गरेको स्वास्थ्य शाखा प्रमुख अगमराज उपाध्यायले जानकारी दिनुभयो । डेङ्गुको व्यवस्थापन र नियन्त्रण गर्ने विषयमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले प्रतिकार्य योजना बनाई विभिन्न गतिविधि सञ्चालन गर्न निर्देशन दिएसँगै गाउँपालिकाले प्रदेश र जिल्लासँगको समन्वयमा लामखुट्टेको लार्भा नष्ट गर्ने अभियान सुरु गरेको हो ।

डेङ्गुका बारेमा सन्देशमूलक सूचना सामग्रीको प्रकाशन र प्रसारण भइरहेको र विभिन्नस्तरमा डेङ्गु नियन्त्रणका उपायका बारेमा विशेषज्ञसँगनियमितबैठकगरिएको उपाध्यायले बताउनुभयो । “डेङ्गु लाग्न नदिनु सबैभन्दा उत्तम उपाय भनेको लामखुट्टेको टोकाइबाट जोगिनु हो, प्राय दिनको समयमा सक्रिय रहने एडिज जातको लामखुट्टेको टोकाइबाट यो रोग लाग्छ”, उपाध्यायले भन्नुभयो, “यसबाट जोगिनका लागि कार्यालय समयमा पूरा बाहुला भएको पोशाक अनिवार्य गरिएको छ ।”

यस्तै प्रत्येक शनिबार बिहान १० बजे १० मिनेट घरभित्र र बाहिर लामखुट्टेले फूल पार्ने ठाउँ खोजी गरी नष्ट गर्ने अभियान सञ्चालन गरिने प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद शर्माले जानकारी दिनुभयो ।

यस अभियान कार्यान्वयका लागि स्थानीय जनप्रतिनिधिको नेतृत्वमा स्वास्थ्यकर्मी, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, शिक्षक, पत्रकार, सङ्घसंस्था, टोलविकास समितिलाई परिचालन गरिनेछ ।

आँबुखैरेनी गाउँपालिकामा हालसम्म डेङ्गुबाट कोही पनि सङ्क्रमित नभए पनि बच्नका लागि पूर्वतयारी अपनाउन आवश्यक रहेको स्वास्थ्य शाखा प्रमुख उपाध्यायले बताउनुभयो । “गाउँपालिकाभित्र डेङ्गु सङ्क्रमित भएको आधिकारिक तथ्याङ्क छैन, जोखिम बढ्दै गएकाले सचेतना अपनाउन आवश्यक छ”, उहाँले भन्नुभयो ।

तनहुँमा ७८ जनामा डेङ्गु सङ्क्रमण

देशभर फैलिरहेको डेङ्गुको सङ्क्रमण तनहुँमा पनि बढेको छ । लामखुट्टेको टोकाइबाट हुने डेङ्गुको जोखिम यहाँ पनि पनि बढेको हो । डेङ्गुको सङ्क्रमणपश्चात् जिल्लास्थित अस्पतालमा भर्ना भएर उपचार गराउनेको सङ्ख्या बढ्दो छ ।

शुक्लागण्डकी नगरपालिका-५ बेलचौतारास्थित जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रमा परीक्षण गरिएकामध्ये ७८ जनामा डेङ्गु पुष्टि भएको छ । भदौमा दुई सय १८ जनाको डेङ्गु परीक्षण गरिएकामा एक सय ४० जनामा भने सङ्क्रमण पुष्टि भएन ।

डेङ्गु पुष्टि भएकामध्ये २७ बिरामी अस्पतालमा भर्ना भएर उपचार गराएको केन्द्रका कार्यकारी निर्देशक डा रामकुमार श्रेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार सबै बिरामी उपचारपश्चात् घर फर्किएका छन् । “डेङ्गुसँग सङ्क्रमण मिल्दोजुल्दो बिरामी दैनिकरुपमा आउने गरेका छन्”, उहाँले भन्नुभयो, “परीक्षण गर्दा पुष्टि भएका र जोखिम भएकालाई भर्ना गरेर उपचार गर्छौं ।” उहाँका अनुसार हाल अस्पतालमा डेङ्गुका बिरामी भर्ना भएर उपचाररत छैनन् ।

अस्पतालले किटमार्फत डेङ्गुको परीक्षण गरेको र किट पर्याप्तमात्रामा रहेको डा श्रेष्ठले बताउनुभयो । “डेङ्गुको परीक्षण गर्दा बीमा गरेकाको हकमा निःशुल्क परीक्षणको व्यवस्था मिलाएका छौँ”, डा श्रेष्ठले भन्नुभयो । सदरमुकामस्थित दमौली अस्पतालमा भने डेङ्गुको बिरामी नरहेको जनाइएको छ । अस्पतालका डा राजु रानाले डेङ्गु पुष्टि भएर अस्पतालमै भर्ना गरेर बसेका बिरामी नरहेको बताउनुभयो । “डेङ्गुसँग मिल्दोजुल्दो लक्षण देखिएका बिरामी दैनिकरुपमा आउने गरे पनि डेङ्गु नै पुष्टि भएको छैन”, उहाँले भन्नुभयो । स्वास्थ्य कार्यालय तनहुँले डेङ्गुको जिल्लाभरको यकीन तथ्याङ्क नरहेको जनाएको छ । कार्यालय प्रमुख शङ्करबाबु अधिकारीले जिल्लास्थित अस्पताल तथा स्वास्थ्य संस्थासँग डेङ्गुका बिरामी भएको भए तथ्याङ्क पठाउन अनुरोध गरिएको जानकारी दिनुभयो ।

लामखुट्टेको टोकाइबाट डेङ्गु हुने भएकाले लामखुट्टेको टोकाइबाट जोगिन आवश्यक रहेको अधिकारीले बताउनुभयो । डेङ्गुको भाइरसबाट सङ्क्रमित लामखुट्टेको टोकाइले यो रोग सर्दछ । आजकल डेङ्गु ज्वरो नेपालको विभिन्न भागमा देखा परिरहेको छ । यो लामखुट्टेले विशेषगरी दिउँसो मात्र टोक्ने गर्दछ र वर्षातृको मौसम सुरु भएपछि डेङ्गु ज्वरोको सङ्क्रमण बढ्न थाल्दछ । एक्कासी तीनदेखि पाँच दिनसम्म ज्वरो आउनु यो रोगको मुख्य लक्षण हो । यसरी आएको ज्वरो पाँचदेखि सात दिनसम्म रहिरहन सक्दछ । यसका साथै बेस्सरी टाउको दुख्नु, आँखाको गेडी दुख्नु, शरीरमा डाबर आउनु, अरुची हुनु, जोर्नी तथा मांशपेशी बेस्सरी दुख्नु, पेट तथा आन्द्रामा गडबडी हुनु पनि डेङ्गुको लक्षण हुन् । चिकित्सकका अनुसार डेङ्गुबाट जोगिनका लागि मुख्यतयाः लामखुट्टेको टोकाइबाट जोगिनुपर्दछ । पूरा शरीर ढाकिने गरी कपडा लगाउनु, लामखुट्टेको टोकाइबाट बच्न मल्हमजस्ता सामग्री प्रयोग गर्नु, सधैँ राति र दिउँसो पनि झुलभित्र सुत्ने, घरवरपर खेतबारीमा काम गर्न जाँदा लामखुट्टेको टोकाइबाट बच्न ध्यान पुऱ्याउनु यसबाट बच्ने प्रमुख उपाय हुन् ।

दसैँका लागि अग्रिम टिकट बुकिङ शनिबारदेखि

रासस

काठमाडौं, ३१ भदौं

सरकारले दसैँ, तिहार तथा छठ पर्व मनाउन घर जाने यात्रुका लागि शनिबारदेखि सार्वजनिक यातायातमा अग्रिम टिकट बुकिङ खुला गरेको छ । यही भदौ २२ गते यातायात व्यवस्था विभागमा बसेको बैठकले असोज १ गतेदेखि लामो तथा मध्यम दूरीमा अग्रिम टिकट बुकिङ खुला गर्ने निर्णय गरेको थियो ।

बैठकले यातायात व्यवसायीले अग्रिम टिकट बुकिङ गर्दा यथाशक्य अनलाइन बुकिङ गर्ने व्यवस्था मिलाउने, अनलाइन टिकट बुकिङ गर्ने यात्रुलाई यातायात व्यवसायीले यथाशक्य छुट वा सहुलियतसमेत प्रदान गर्ने निर्णय गरेको थियो । नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका वरिष्ठ उपाध्यक्ष सरोज सिटौलाले शनिबार बिहानदेखि लामो तथा मध्यम दूरीको बसको टिकट खुल्ने जानकारी दिनुभयो ।

यही भदौ २२ गतेको बैठकले अग्रिम टिकट बुकिङ तथा उपत्यकाबाट बाहिरिने र उपत्यका भित्रिने यात्रुवाहक सवारीसाधनको यातायात व्यवस्था विभाग, ट्राफिक प्रहरी, उपभोक्ता मञ्च, व्यवसायी र मजदुरसँग सहकार्य गरी प्रभावकारी अनुगमन गर्ने, कोभिड-१९ महामारीलाई ख्याल गर्दै स्वास्थ्य मापदण्ड अपनाउने निर्णय गरेको थियो । अनधिकृत काउन्टर र परिचयपत्र नभएका व्यक्तिद्वारा टिकट बिक्री गर्ने कार्यलाई पूर्णतया निरुत्साहित गर्ने, मुख्य सडकलाई मर्मतसम्भार गरी यातायात सञ्चालनलाई सहज बनाउन सम्बन्धित निकायसँग अनुरोध गरी पठाउने तथा दसैँका लागि आवश्यक सवारीसाधनको व्यवस्था यातायात व्यवसायीले गर्ने निर्णय गरिएको थियो । यातायात आवागमन सहज बनाउन खाद्यान्नलगायत अत्यावश्यक वस्तुको ढुवानी गर्ने बाहेकका ट्रेलर लगायतका ठूला सवारीसाधन आगामी असोज १५ देखि २२ गतेसम्म नारायणघाटदेखि काठमाडौँसम्म सञ्चालन गर्न रोक लगाउने निर्णय बैठकले गरेको थियो । नयाँ बसपार्क सञ्चालन गरिरहेको लोत्से बहुउद्देश्यीय प्रालिका महाप्रबन्धक सुनिल कुँवरले शनिबार बिहान ७ बजेदेखि अग्रिम टिकट बुकिङ खुल्नेगरी तयारी गरिएको जानकारी दिनुभयो । उहाँका अनुसार धेरै गाडी आवतजावत गर्ने ठाउँका सवारीसाधनका लागि अग्रिम बुकिङ गर्न छुट्टै टिकट काउन्टर स्थापना गरिएको छ भने थोरै गाडी जाने ठाउँमा हालकै काउन्टरबाट व्यवस्थापन गरिएको छ ।

चौतारी संरक्षणमा जुट्दै ‘डिभिजन वन’

पोखरापत्र संवाददाता

तनहुँ, ३१ भदौं

पुर्खाले बनाएका वरपीपलका चौतारी पछिल्लो समय मासिँदै जान थालेको छ ।

वरपीपलले हानिकारक कीराको नाश गरिदिने, बाह्रमास स्वच्छ हावा दिने भएकाले पर्यावरणीय दृष्टिकोणले पनि मानव जीवनमा अपरिहार्य मानिन्छ । वरपीपलको धार्मिक दृष्टिकोणलेसमेत उत्तिकै महत्व रहेको छ । विकासका नाउँमा होस या संरक्षण नहुँदा यस्ता पुर्ख्यौंली सम्पदा नाश हुँदै जान थालेपछि यसको संरक्षणमा डिभिजन वन कार्यालय तनहुँ जुटेको छ । मानवजीवनका लागि चौतारी आवश्यक महसुस गरी संरक्षणको प्रयास थालिएको डिभिजन वन कार्यालय तनहुँका प्रमुख कोमलराज काफ्लेले बताउनुभयो । कार्यालयले अभियान नै सञ्चालन गरी पहल थालेपछि गाउँठाउँमा पुनःचौतारी हराभरा देखिन थालेको छ । बाटोघाटो हिँड्दा, थकाइ लाग्दा थकाइ मेटाउने, गाउँबेंसी गर्दा भारी बिसाउन, पुण्य प्राप्त हुन्छ भन्ने धार्मिक विश्वासले चौतारी बनाउने गरे पनि हाल त्यसतर्फ चासो कमी हुँदै गएका कारण चौतारी लोप हुँदै गएको पाइन्छ । मोटरबाटो लैजाँदा रुख ढालीदिने र मानिस चौतारीमा भन्दा एसी र पङ्खाबाट शीतल लिने गरेकाले नयाँ बिरुवा रोप्न नचाहने कार्यले चौतारी लोप हुँदै गएको उहाँले बताउनुभयो । चौतारी संरक्षणका लागि अभियान सुरुआतसँगै त्यसका लागि स्थानीय तहका जनप्रतिनिधि, सामुदायिक वनका उपभोक्तालाई चौतारीको वातावरणीय महत्वका बारेमा प्रशिक्षणसमेत दिन थालिएको छ । चौतारी संरक्षणको पहल सुरुआत गरेसँगै गण्डकी प्रदेश सरकारको आर्थिक सहयोगमा गत वर्ष पाँच वटा चौतारा संरक्षण गरिएको कार्यालय सहायक वन अधिकृत राजकुमार श्रेष्ठले जानकारी दिनुभयो । प्रतिचौतारी रु एक लाख आर्थिक सहयोग र १० प्रतिशत जनसहभागितामा चौतारी संरक्षण गरिएको उहाँले बताउनुभयो ।

म्याग्दे गाउँपालिका-७ स्थित रिपा शिखर थुम्की सामुदायिक वन, म्याग्देकै सोही वडाको जनचेतना आमासमूह, व्यास नगरपालिकाको वडा नं १ स्थित अकला सामुदायिक वन, वडा नं १० स्थित सर्वज्योति आमासमूह र वडा नं ११ स्थित तनहुँसुर सामुदायिक होमस्टेमा चौतारा निर्माण गरिएको छ ।

विन्ध्यवासिनी मन्दिर एकः सेवाका क्षेत्र अनेक

-वासुदेव पौडेल

पोखरा, ३१ भदौं (रासस)

पर्यटकीय नगरी पोखराको जीवन्त इतिहासको साक्षी यहाँको विन्ध्यवासिनी मन्दिर हो भन्दा फरक पर्दैन । पोखरा आउने जो कोहीले नछुटाउने गन्तव्यका रुपमा विन्ध्यवासिनी स्थापित भइसकेको छ । मनले चिताएको पुग्ने जनविश्वाससँगै पुगेका दर्शनार्थी एवं पर्यटक यहाँबाट देखिने हिमाली दृश्यमा मोहित हुने गर्दछन् । मन्दिर निर्माणबारे यकिन तथ्य फेला नपरे पनि कुनै अज्ञात कालखण्डदेखि शक्तिस्थलका रुपमा पुजिँदै आएको छ । हालको मन्दिर आजभन्दा अढाइ शताब्दी पुरानो भएको अनुमान गरिएको छ । मन्दिर स्थापना कास्कीका अन्तिम राजा सिद्धिनारायण शाहका पालामा भएको हो ।

कास्की जिल्लाको मध्यभागमा २७ रोपनी क्षेत्रफलमा फैलिएको मन्दिर वरपरको समथर भू-भागबाट केही उच्च थुम्कामा अवस्थित रहनाले पनि यहाँको शोभा बढाएको छ । थुम्कामा मन्दिर रहेका कारण दर्शनार्थीले सिँढी चढेर माथि उक्लनुपर्छ । मन्दिरमा हिडेर उक्लन नसक्नेहरुका लागि लिफ्टको प्रबन्ध छ । धार्मिक महत्वका साथै पोखराको दृश्यावलोकन एवं मन्दिर परिसरबाट विभिन्न ११ वटा हिमशिखर देख्न सकिन्छ । यहाँबाट आठ हजार ९१ मिटरको अन्नपूर्ण प्रथम, सात हजार नौ सय ३७ मिटरको अन्नपूर्ण दोस्रो, सात हजार पाँच सय ५५ मिटरको अन्नपूर्ण तेस्रो, सात हजार पाँच सय २५ मिटरको अन्नपूर्ण चौथो, सात हजार चार सय ८५ मिटरको खाङसारकाङ र सात हजार दुई सय ९१ मिटरको अन्नपूर्ण दक्षिण हिमाल देख्न सकिन्छ । त्यस्तै छ हजार नौ सय ९७ मिटरको माछापुच्छ्रे, छ हजार नौ सय ८३ मिटरको लमजुङ, छ हजार चार सय ४१ मिटरको घान्द्रुक हिउँचुली र पाँच हजार सात सय ८१ मिटरको मर्दी हिमाल अवलोकन गर्न सकिन्छ ।

मन्दिरलाई सुविधा सम्पन्न बनाउने लक्ष्यअनुरुप विभिन्न काम अघि बढिरहेको समितिका कार्यबाहक अध्यक्ष सूर्यप्रसाद सुवेदीले जानकारी दिनुभयो । गुम्बज शैलीमा सेतो रङको अष्टभुजाकार रहेको मन्दिरको गजुरबाट तामाको श्रीबन्दी लतारिएको छ । मन्दिरको चारैतर्फ विसं १८९६ यताका विभिन्न मितिमा राखिएका घण्टा छन् । पित्तलको द्वार अघि राखिएका पित्तलबाटै निर्मित दुई सिंहका आकृतिले मन्दिरको शोभा बढाएको छ । मन्दिर वरपर गणेश, हनुमान, सरस्वती, राधाकृष्ण, शिव, नवग्रह तथा अष्टचीरञ्जीवीका मन्दिर छन् । मन्दिर परिसरमा समितिले बाटिका बनाएको छ भने मन्दिरको परिक्रमा गर्न प्रदक्षिणा पथ बनाइएको छ । परिसरमा अष्टभुजाकार कुण्डमा साढे चार फिट उचाइको शिवलिङ्ग, पूर्वबाट पश्चिम फर्केका पञ्चधारा, फलैँचालगायत संरचना निर्माण गरिएको छ । मन्दिरको मूल प्रवेशद्वार, खानेपानी व्यवस्थापनलगायत व्यवस्था गरेको समितिले आउँदो दशैँदेखि मन्दिर परिसरमा नै दर्शनार्थीका लागि शुद्ध पिउने पानीको व्यवस्था मिलाउन लागेको विन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समितिका सचिव तीर्थ श्रेष्ठले जानकारी दिनुभयो ।

विन्ध्यवासिनी मन्दिरलाई केवल धार्मिक क्षेत्रका रुपमा मात्र नभई यसैका माध्यमबाट सामाजिक सेवाका विभिन्न क्षेत्रमा पनि काम पनि गरिएको सचिव श्रेष्ठले जानकारी दिनुभयो । विन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समितिकै सक्रियतामा २०५१ सालमा स्थापित विन्ध्यवासिनी गुरुकुल विद्याश्रममा कक्षा ६ देखि १० सम्म निःशुल्क आवासीयरुपमा अध्यापन कार्य सञ्चालन हुँदै आएको छ । गुरुकुललाई कक्षा १२ सम्म विस्तार गर्ने योजनाअनुरुप मन्दिरको गुठीको हक-भोग स्वामित्वको पोखरा महानगरपालिका वडा नं १८ स्थित २६ रोपनी जग्गामा भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको समितिले जनाएको छ । सेवा कार्यलाई प्राथमिकतामा राख्दै ज्येष्ठ नागरिकका लागि दिवा सेवा उपलब्ध गराउने उद्देश्यले २०७२ सालदेखि विन्ध्यवासिनी ज्येष्ठ नागरिक मिलन केन्द्रसँगै एम्बुलेन्स पनि सञ्चालन गरिएको सचिव श्रेष्ठले जानकारी दिनुभयो । ज्येष्ठ नागरिक मिलन केन्द्रका लागि सुविधा सम्पन्न भवन निर्माण सुरुआत गरिसकिएको छ । समितिले प्राकृतिक चिकित्सा पद्धतिका आधारमा स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यका साथ विन्ध्यवासिनी प्राकृति चिकित्सालय स्थापन गर्न लागेको छ । उक्त चिकित्सालयका लागि भौतिक पूर्वाधार निर्माण कार्यमा ७५ प्रतिशत काम सम्पन्न भइसकेको उहाँले बताउनुभयो ।

आश्विन शुक्ल पक्ष, चैत्र शुक्ल पक्ष र महत्वपूर्ण तिथि एवं पर्वका बेला यहाँ भीड लाग्ने गर्छ । यसैबीच समितिले विसं २०६४ देखि आश्विन शुल्क पक्ष (वडा दशैँ) का अवसरमा सञ्चालन गर्दै आएको नवदुर्गा महोत्सव यस वर्ष पनि गरिने भएको सचिव श्रेष्ठले जानकारी दिनुभयो ।

मन्दिरमा पूजाआजाका क्रममा सङ्कलित भेटीलाई व्यवस्थित र पारदर्शी बनाउँदै आएको समितिका कोषाध्यक्ष इन्द्रप्रसाद अधिकारीले जानकारी गराउनुभयो । उहाँका अनुसार मन्दिरमा दैनिक रु ५० हजारभन्दा बढी भक्तजनबाट गरिने दान तथा सहयोग सङ्कलन भइरहेको छ । मन्दिरमा देवीमा चढाइएको भेटीका साथै दानपेटिकामा सङ्कलित रकम प्रत्येक दिन अद्यावधिक गर्ने गरिएको कोषाध्यक्ष अधिकारीले जानकारी दिनुभयो ।

मन्दिर दैनिक सञ्चालन तथा व्यवस्थापनका लागि ४५ कर्मचारी छन् । मन्दिरमा हाल १० पुजारी रहेको र तिनको पारिश्रमिक, सरसफाइ, विन्ध्यवासिनी गुरुकुलका विद्यार्थीको आवाश आदिको व्यवस्थापनका लागि मासिक रु १४ लाखसम्म खर्च हुने गरेको उहाँको भनाइ थियो ।

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त

वहाकी सामुदायिक क्याम्पस

विहादी गा.पा.–४ वहाकी, शालिग्राम, चिलाउनेखर्क, पर्वत

स्थापित : २०६७

सामग्री तथा सेवा आपूर्ति गर्न सूची दर्ता गर्ने सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशित मितिः २०७९/०६/०१

प्रस्तुत विषयमा यस वहाकी सामुदायिक क्याम्पसका लागि आ.व. २०७९/८० मा तपसिल बमोजिमका आवश्यक पर्ने सामान तथा सेवा आपूर्ति गर्न सार्वजनिक खरिद ऐन २०६३ को दफा ६ (क) र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ (संशोधित सहित) को व्यवस्था बमोजिम इच्छुक व्यक्ति फर्म तथा कम्पनीहरूले आ.व. ०७८/७९ को व्यवसाय नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि, करचुक्ताको प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नं. (PAN) वा मूल्य अभिवृद्धि कर (VAT) मा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि सहित सार्वजनिक खरिद नियमावली २०६४ को अनुसूची २ (क) बमोजिमको ढाँचामा १५ दिनभित्र निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

१. स्टेशनरी पाठ्यपुस्तक तथा कार्यालय सामग्रीहरू उपलब्ध गराउन,
२. छपाई सम्बन्धी कार्य गर्न,
३. सूचना प्रकाशन तथा प्रसारण/विज्ञापन गर्न,
४. कम्प्युटर/फोटोकपी, प्रिन्टर, गएक, प्रोजेक्टर, ल्यापटप तथा अन्य इलेक्ट्रोनिक सामान (पार्टहरू सहित) आपूर्ति तथा मर्मत गर्न,
५. कम्प्युटर, फोटोकपी, प्रिन्टर, नयाँ टोनर (क्याटेज) आपूर्ति तथा रिफिल सम्बन्धी कार्य गर्न,
६. प्लम्बिङ कार्य गर्न/सामग्री आपूर्ति गर्न,
७. इलेक्ट्रोनिक कार्य गर्न/सामग्री आपूर्ति गर्न,
८. फर्निचर तथा फर्निसिङ सामग्री आपूर्ति गर्न,
९. सामान्य भौतिक निर्माण तथा सामग्री आपूर्ति गर्न,
१०. रङ रोगन सम्बन्धी कार्य गर्न,
११. खाना/खाजा आपूर्ति गर्न,
१२. सवारी साधनको आवश्यक्ता अनुसार व्यवस्था गर्न,
१३. जेनेरेटरको व्यवस्था गर्न,
१४. खानेपानीको आपूर्ति गर्न,
१५. निर्माण सम्बन्धी सामग्री आपूर्ति गर्न,
१६. परामर्श तथा अन्य सेवा । (Building Estimate, designing and construction drawing)

Email:– wahakicampus2067@gmail.com
Mobile No : 9857631574, 9841607996

यकनारायण भट्टराई
क्याम्पस प्रमुख